# ग्रामीण स्वावलम्वन कोषवाट कर्जा प्राप्त गर्न ईच्छुक वित्तीय संस्थाहरुलाई (FIs)

# ग्रामीण स्वावलम्बन कोषको

## सूचना

ग्रामीण स्वावलम्वन कोषले विगत १७ वर्ष देखि विपन्न वर्गका जनताहरुलाई विभिन्न लघु वित्त संस्थाहरु मार्फत सहुलियत व्याजदरमा लघु कर्जा प्रवाह गर्दै आएको सन्दर्भमा हाल देहाय वमोजिमको केही क्षेत्रमा कर्जा थप गरिएको हुनाले सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **चिया खेतीः-**

हाते चिया उत्पादन तथा हाते चिया प्रशोधन कारखाना स्थापना र विस्तार गर्न कोषवाट चिया सहकारी संस्थाहरुलाई कर्जा प्रदान गर्न सकिने ।

२. **Line of Credit (कर्जा सीमा)ः-**

देशका सुदुर एवं दुर्गम स्थानमा रहेका विपन्न तथा गरिब परिवारहरुमा लघु कर्जा विस्तार गर्न कोषवाट ३ पटक सम्म कर्जा लिई चुक्ता गरी सकेका उत्कृष्ट सहकारी संस्थाहरुलाईृ एक मुष्ट कर्जा सीमा (Line of Credit) प्रदान गर्न सकिने ।

३. **सिंचाई कर्जा :-**

कोषको सिंचाई कर्जा निर्देशिका, २०६४ अनुसार तोकिएको भौगोलिक क्षेत्रमा स्यालो ट्यूववेल जडानका लागि कर्जा प्रवाह गर्ने भएको हुदा साना किसान विकास बैंक लि. मार्फत साना किसान सहकारी संस्था तथा अन्य सहकारी संस्थाहरुलाई कोषले कर्जा प्रवाह गर्न सक्ने ।

विस्तृत जानकारीको लागि :

**ग्रामीण स्वावलम्बन कोष**

**नेपाल राष्ट्र बैंक, लघु वित्त विभाग ।**

**फोन नं. ४४१२८२३, फ्याक्स नं. ४४१२२२४**